# कुमाख गाउँपालिका

# सल्यान

## गाउँपालिकाको नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७९/०८०

कुमाख गाउँपालिका ,सल्यान

# “सम्बृद्ध कुमाख, सन्तुष्ट जनता,कुमाखबासीको सदिक्षा”

**सभाका सदस्यज्यूहरु,सभाका सचिवज्यू, गाउँपालिका सम्पुर्ण कर्मचारीहरु,पत्रकार तथा सञ्चारकर्मी ज्यूहरु,**

राजनिति देश विकासको अभिन्न अङ्ग हो । वि.स.२००७ सालदेखि हालसम्मा विभिन्न कालखण्डमा भएका विभिन्न परिवर्तनहरुबाट संस्थागत लोकतान्त्रिक गणतन्त्रको स्थापना भई वि.स.२०७२ सालमा संविधान सभाबाट निर्मित नेपालको संविधान २०७२ ले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालिको माध्यमबाट विकास र सम्बृदि हाँसिल गरि सञ्चालित समुन्नत तथा बहुदलबादमा आधारित समुन्नत समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना सहित संघिय संरचना अनुसार ३ तहका सरकार गठन भएका छन ।

१.आवधिक निर्वाचन लोकतान्त्रिक शासन व्यबस्थाको मेरुदण्ड हो । संवत २०७९ साल बैशाख ३० गते शुक्रवारका दिन सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित सम्पुर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । नवनिर्वाचित जनप्रतिनिधिहरुबाट जनअपेक्षा अनुरुपको सुशासन,पुर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह गर्दै सङ्घियता कार्यान्वयनमा महत्वपुर्ण योगदान रहने विश्वास लिएको छु ।

२. संविधानले स्थानिय तहलाई दिएको संबैधानिक अधिकार प्रयोग गर्दै स्थानिय सरकार सञ्चालन ऐन २०७४ को मर्म र भावनालाई आत्मासात गदै नेपालको संविधानमा उल्लेख भएका मौलिक हक र अधिकारहरुलाई आधार मानी कुमाख गाउँपालिकाको तर्फबाट आ.ब.२०७९/८० को निति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

३. देश र जनताको आर्थिक ,सामाजिक,शैक्षिक,राजनितिक सम्बृद्धिका लागि प्राणको आहुती दिने महान शहिदप्रती भावपुर्ण श्रदान्जली अर्पण गर्दछु , बेपत्ता योद्धाहरुप्रति सम्मान ब्यक्त गर्दै सम्पुर्ण घाईते तथा अपाङगहरुको स्वास्थ्य लाभको कामना गर्दछु र आम कुमाखबासी जनताहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

४. सल्यान जिल्लाको सदरमुकाम बाट झण्डै १७ कोष टाढा उत्तर पश्चिम भुभागमा अवस्थित कुमाख गाउँपालिका आर्थिक,सामाजिक,शैक्षिक तथा भौगलिक रुपमा विकट गाउँपालिका हो । यस गाउँपालिका शिक्षा,स्वास्थ्य,रोजगार,कृषि,पशुपालन,सञ्चार लगायतका विभिन्न क्षेत्रबाट पछाडी परेको कुरा घाम जस्तै छर्लग छ । यस गाउँपालिकामा रहेको गरीवि,बेरोजगारी,सामाजिक विभेद,पछौटेपन,शोषण र दमनबाट श्रृजित विषम र कहालिलाग्दो परिस्थितीबाट मुक्ति दिलाउन कुमाख गाउँपालिकाको स्थानिय सरकार सदैब जनताको भविष्यप्रति प्रतिबद्ध भएर लाग्ने अठोट व्यक्त गर्न चाहन्छु ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

अव म कुमाख गाउँपालिकाले आ.व. २०७९।०८० मा लिएका मुख्य निति तथा कार्यक्रमहरु यस सम्मानीत सभा समक्ष प्रस्तुत गर्दछु ।

## आर्थिक विकास सम्बन्धी नितिहरु

### कृषि र पशुपालन

- ❖ कृषि तथा पशु विमाको व्यबस्थापन गरिनेछ ।
- ❖ कृषकलाई उन्नत विउ र मलको व्यबस्था गरिने निति लिईनेछ ।
- ❖ बालि विरुवामा लाग्ने रोग र किराहरुका लागि किटनाशक विषादिको निःशुल्क व्यबस्था गरिनेछ।
- ❖ बाँझो जग्गामा खनजोत गरी खेति गर्ने कृषकलाई प्रोत्साहन स्वरुप अनुदानको व्यबस्था गर्ने निती लिईनेछ ।
- ❖ बाँदरबाट हुने क्षतिलाई न्युनिकरण गर्न बाँदर धपाउने निती अवलम्बन गरिनेछ ।
- ❖ कृषि उत्पादन बृद्धि सेवा प्रवाह सहजिकरणका लागि सबै वडाहरुमा कृषि र पशु प्राविधिक कर्मचारीहरुको व्यबस्था गरी काममा लगाईनेछ ।
- ❖ कृषि उत्पादनमा बृद्धि गर्न सतही,लिफ्ट सिचाई सेवा विस्तार गरिनेछ ।
- ❖ ३ वा ३ भन्दा वढी भैसी वा जर्सी गाई पालन गर्ने कृषकलाई प्रोत्साहन गर्ने निति लिईनेछ ।
- ❖ गाउँपालिका स्तरीय कृषि हाटबजारको व्यबस्था गरिने निती लिईनेछ ।
- ❖ पशु नश्ल सुधार गर्ने व्यबस्था कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ गोठ तथा भकारो सुधार गरी प्राङगारिक कृषि मल उत्पादनमा जोड दिईनेछ ।
- ❖ निःशुल्क पशु उपचार सेवा विस्तार गरिनेछ ।
- ❖ खेतियोग्य जमिनको माटो परिक्षण गरी सोहि अनुसारको कृषि उत्पादनमा जोड दिईनेछ ।
- ❖ फलफुल,तरकारी खेती,अदुवा,बेसार,मकै,कोदो,धान उत्पादन हुने क्षेत्रलाई पकेट क्षेत्रका रुपमा विस्तार गरिनेछ ।
- ❖ उत्कृष्ट कृषक छनोट गरी तालिम तथा पुरुष्कारको व्यबस्था गरिनेछ ।
- ❖ गाउँपालिका स्तरीय चिस्यान घर (cold store) डि.पि.आर.गरी स्थापना गर्नका लागि पहल गरिनेछ ।

### उद्योग

- ❖ साना काष्ठमिल उद्योग , फर्निचर उद्योग,दाना उद्योग स्थापना गर्न मुख्य जोड दिईनेछ ।
- ❖ जडिबुटि प्रशोधन केन्द्र स्थापना गर्ने निती लिईनेछ ।
- ❖ मुढा,डोको,कुर्सी,बाँसको चोयाबाट उत्पादीत उद्योग स्थापना गर्न जोड दिईनेछ ।
- ❖ ऊन प्रशोधन उद्योग स्थापना गर्नका लागि पहल गरिनेछ ।

- ❖ व्यावसायिक रुपमा व्यबसाय गर्ने सिलाई माष्टर र आरण व्यावसायिलाई मेशिन तथा औजारको व्यबस्था गरिने छ ।

**रोजगार**

- ❖ कृषि, पशुपालन, उद्योग स्थापना गरी रोजगारीको सृर्जना गर्ने निती लिईनेछ ।
- ❖ गाउँपालिकाबाट सञ्चालित विकास निर्माणका योजनामा रोजगारीलाई प्राथमिकता दिई कार्य प्रारम्भ गरिनेछ ।
- ❖ अल्पकालीन तथा दिर्घकालिन उद्यमशिलता तालिमको व्यवस्था गरि रोजगारी कार्यक्रम सृर्जना गरिने छ ।
- ❖ वेरोजगार जनशक्तिलाई रोजगारीको अवसर सृर्जना गर्न गाउँपालिका अध्यक्ष , मुख्यमन्त्री, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने निति लिइने छ ।
- ❖ अपाङग भएका व्यक्तिहरुको हितको संरक्षण गरि जिवनयापनमा आत्मनिर्भर बनाउन सिपमुलक तथा आय आर्जनका कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

**पर्यटन प्रबर्धन**

- ❖ कुमाख लेख तथा मालिका पर्यटकिय क्षेत्र विकासको लागि सरसफाई,संरक्षण,सम्वर्द्धन लगायतका आवश्यक कार्य गर्ने निती लिईनेछ ।
- ❖ भगवती मन्दिर कोट, खाँडा देवी मन्दिर , भुमेश्वर, शिद्धगुफा, देवीदर्का , मर्मकोट ,गणेश्वर गुफा समेतको संरक्षण र सबर्द्धनमा जोड दिईनेछ ।
- ❖ भेरी नदीमा ऱ्याफ्टिङ्ग सेवा सञ्चालनका लागी आवश्यक पहल गरिनेछ ।

**सहकारी तथा गरीवि निवारण**

- ❖ साविक डिभिजन कार्यालयमा दर्ता भई यस पालिकामा हस्तानतरण भएका र यस पालिकामा नयाँ दर्ता भएका र हुने विभिन्न प्रकृतिका सहकारी संस्थाहरुलाई नियमण,प्रशिक्षण र प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारीरुपमा लिईनेछ ।
- ❖ नेपाल सरकारले निकालेको गरीव घरपरिवारको सुचि अनुसार रोजगारि तथा वित्तिय क्षेत्रमा सहभागिता कायम गरिनेछ ।

## सामाजिक विकास सम्बन्धी निति

**शिक्षा**

- ❖ गाउँपालिका स्तरीय बहुमुखी क्याम्पस स्थापना गर्नका लागि जोड दिईनेछ ।
- ❖ गाउँपालिका स्तरीय शिक्षा ऐन तथा नियमावली बनाउने कार्यलाई प्राथामिकता दिईनेछ र आवश्यक कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

- ❖ स्थानिय पाठ्यक्रम निर्माण भईसकेको र पाठ्यपुस्तक लेखन कार्य अगाडी बढ्न नसकेकाले उक्त कार्यलाई प्राथामिकताका साथ अगाडी बढाईनेछ ।
- ❖ शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्यार्थी संख्याको अनुपातमा अपुग शिक्षक दरवन्दि व्यबस्था गर्न संघिय र प्रदेश सरकारसँग अनुरोध गर्ने र सबै विद्यालयमा आवश्यक शिक्षक कर्मचारी दरवन्दि उपलब्ध नभएका सवै तहमा गा.पा. अनुदान शिक्षक,कर्मचारी राख्ने व्यबस्था अगाडी बढाईनेछ ।
- ❖ एक विद्यालय एक वालविकास केन्द्रको अवधारणलाई प्रभावकारी बनाउन भित्तेचार्ट ,बसाई व्यबस्थापन ,खेलसामग्री,शैक्षिक सामग्री,मनोसञ्जनका सामग्री र बालमैत्री कक्षाकोठाको व्यबस्थापन गरिनेछ ।
- ❖ प्रत्येक विद्यालयमा क्रमश कम्प्युटर ल्याबको व्यबस्था गर्ने निती लिईनेछ ।
- ❖ पढ्दै कमाउदै गर्न सक्ने प्राविधिक शिक्षाको व्यवस्था गरिनेछ ।
- ❖ गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थिहरु मध्येबाट १ जना विद्यार्थिलाई एम.वि.वि.एस. र १ जनालाई ईन्जिनियर पठनपाठन गर्नको लागि छात्रबृतिको व्यबस्था गरिनेछ ।
- ❖ शिक्षक शिक्षिका ,विद्यालय कर्मचारी,लेखापाल साथै ई.सि.डी.शिक्षक,शिक्षिकाहरुको मनोवल उच्च राख्न कार्यक्षमता अभिबृद्धि गर्नको लागि तालिम र पुरुष्कारको व्यबस्था गरिनेछ ।
- ❖ भुकुम्प प्रतिरोधी भौतिक संरचना पक्की भवन ,खानेपानी,सडक ,शौचालय ,विद्युत,ईन्टरनेट,घेरावार,फर्निचर,शैक्षिक सामग्रीको व्यबस्था गरिनेछ ।
- ❖ बालबालिकाको स्र्वाडगिन विकास गर्नको लागि विद्यालय विद्यालयविच प्रतिस्पर्धा गराउन गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- ❖ इ.सि.डी.शिक्षक,विद्यालय कर्मचारी,लेखापाललाई नेपाल सरकारको निर्णय अनुसार तलब भत्ताको व्यबस्था गरिनेछ ।
- ❖ विद्यालय शिक्षाको पहुच भन्दा वाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न स्थानिय सरकार,राजनितिक दल ,समाजसेवी,शिक्षाप्रेमी,बृद्धिजिवी,सरकारी तथा गैरसरकारी संघसंस्थाको सहकार्यमा सबै बालबालिकाहरुलाई गाउँपालिका भित्रका विद्यालयहरुमा भर्ना गरी कुनै पनि बालबालिका विद्यालय वाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयको सुधारका निमित्त विद्यालय व्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई आफ्नो काम कर्तव्य र अधिकार प्रति जिम्मेवार बनाइनेछ ।

- ❖ विद्यार्थिहरुको कक्षा छोड्ने समस्या समधान गर्न र पठनपाठनमा निरन्तरता दिनका लागि अपाङग तथा सहाराविहिन,शहिदका सन्तान ,द्वन्दपिडित १८ वर्षमुनिका बालबालिकाहरुलाई छात्रबृति उपलब्ध गराईनेछ ।
- ❖ गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट प्रत्येक शैक्षिक सत्रमा SEE परिक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना विद्यार्थिलाई डिप्लोमा तहको प्राविधिक शिक्षा अध्ययनका लागि छात्रबृतिको व्यबस्था गरिनेछ ।
- ❖ गाउँपालिका भित्रका शैक्षिक गतिविधिहरुलाई समेटेर शैक्षिक प्रोफाईल तयार गरिनेछ ।
- ❖ विद्यालयको अनुगमनलाई प्रभावकारी बनाउनका लागि शिक्षाका विज्ञ (निबृत अधिकृत कर्मचारी र निबृत शिक्षक )बाट अनुगमन टिम बनाइ तेस्रो पक्षबाट विद्यालयहरुको अनुगमन गर्ने गराउने र उनीहरुले दिएको प्रतिवेदनको आधारमा दण्ड,पुरुष्कार,विद्यालयको स्तर निर्धारण र शैक्षिक सुधारका अन्य क्रियाकलापहरु अघि बढाउने काम गरिनेछ ।
- ❖ व्यक्ति र संघसंस्थाहरुसँगको सहकार्य र साझेदारीमा अभिभावक विहिन बालबालिकाहरुका लागि गास,बास,कपास,शिक्षा र स्वास्थ्यको व्यबस्था गरी अभिभावकको जिम्मेवारी निर्वाह गरिनेछ ।
- ❖ प्रधानध्यापकहरुले पेश गरेको प्रस्ताव र सो प्रस्तावलाई विद्यालय व्यबस्थापन समितिको सिफारिसका आधारमा विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि बजेटको व्यवस्था गर्ने निती लिईनेछ ।
- ❖ गाउँपालिका भित्रका आधारभुत र माध्यामिक तह सञ्चालित उत्कृष्ट विद्यालयलाई नमुना विद्यालयको रुपमा छनोट गरिनेछ ।
- ❖ गाउँपालिका स्तरीय अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडि उत्पादनमा जोड दिईनेछ ।
- ❖ प्रत्येक वडा र गाउँपालिका स्तरमा खेलमैदान निर्माण गरी त्यसको स्तरबृदि गरिनेछ ।
- ❖ शैक्षिक गुणस्तर अभिबृदि गर्न अनुगमन ,नियमन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन प्रत्येक विद्यालयमा डिजिटल हाँजिरीको व्यबस्था गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयमा कार्यरत प्र.अ.हरुको नियुक्ति तथा जिम्मेवारीमा हेरफेर गरी कार्यसम्पादनलाई प्रभावकारी रुपमा लागु गर्ने निती लिईनेछ ।
- ❖ सामुदायिक विद्यालयका लागि शैक्षिक क्यालेण्डर निर्माण गरी वितरण गरिनेछ ।
- ❖ राष्ट्रिय परिक्षा बोर्डको काम कारवाही दाङ घोराहिबाट हुदै आएकोमा परिक्षा बोर्डको काम कारवाहि कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेत बाट गर्ने व्यबस्थाको लागि पहल गरिनेछ ।

**स्वास्थ्य**

- ❖ गाउँपालिका स्तरीय अस्पताल स्थापना गरी विशेषज्ञ सेवा उपलब्ध गराईनेछ ।
- ❖ विशेषज्ञ सेवा प्रवाहका लागि भौतिक संरचना निर्माण र आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराईनेछ ।
- ❖ गाउँपालिकाका सबै वडाहरुमा स्वास्थ्य चौकीको सेवा विस्तार गरिनेछ ।
- ❖ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य निति बनाई कार्यन्वयन गरिनेछ ।
- ❖ गाउँपालिकाका ७ वटै वडाका टोलहरुमा स्वास्थ्य टोल इकाई स्थापना गरी सबै स्वास्थ्य क्षेत्रमा पहुच विस्तार गरिनेछ ।
- ❖ बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरताका साथ थप प्रभावकारी बनाइनेछ ।
- ❖ विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने निती लिईनेछ ।
- ❖ नसर्ने रोग सम्बन्धी कार्य गर्न गराउनका लागि आवश्यक निति लिईनेछ ।
- ❖ टेलिमेडिसिन (दुर चिकित्सा)सेवा सञ्चालन गरिनेछ ।
- ❖ स्वास्थ्य पोषण अवस्था सुधारका लागि स्वास्थ्य पोषण प्रवद्धकहरु परिचालन गरिनेछ ।
- ❖ दिगो विकास लक्ष्य हाँसिल गर्नका लागि पालिकाको समग्र तथ्याङक संकलन कार्य गरिनेछ ।
- ❖ स्वास्थ्य आमा समुहमा समता र पहुच कार्यक्रम (साथविधि) लागु गरिनेछ ।
- ❖ सुत्केरी सेवाको लागि नि:शुल्क एम्बुलेन्स कार्यक्रम लागु गरिनेछ ।
- ❖ ७ वटै वडाहरुका सुनौला हजार दिने आमाहरुलाई पोशिलो सर्वोत्म पिठो वितरण गरिनेछ ।
- ❖ गुणस्तरीय स्वास्थ्य सेवा बढाउनका लागि स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वंयम सेविकाहरु मार्फत एक्सप्रेस मोवाईल सेवा सञ्चालन गरिनेछ ।
- ❖ विद्यालयहरुमा स्वास्थ्य तथा पोषण कार्यक्रम ( किशोरीहरुलाई हेमोग्लोबिन टेष्ट,विद्यालयमा तौल मेसिन र हाईट बोर्ड प्रदान गर्ने,विद्यार्थिहरुको पोषण जाँच गर्ने, पोषिलो सर्वोतम पिठो वितरण गर्ने ) लागु गर्ने निती लिईनेछ ।
- ❖ गाउँपालिका स्तरीय अस्पतालमा ब्लड बैंकको स्थापना गरी सेवा प्रदान गर्ने निति लिईनेछ ।
- ❖ गाउँपालिका भित्र चौबिसै घण्टा एम्बुलेन्स सेवा दिईनेछ र आवश्यकताको आधारमा अर्को एम्बुलेन्स खरीद गरी सेवा विस्तार गरिनेछ ।
- ❖ स्वास्थ्य स्वंयमसेविकाको सेवास्तर बृदि गरी थप भत्ताको व्यबस्था गरिनेछ ।
- ❖ गरिव,विपन्न,अपाङग,असहाय र अशक्तहरुलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- ❖ स्वास्थ्य ,फोहोरमैला व्यबस्थापन र सरसफाईका क्षेत्रमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्वास्थ्य विमा अनिवार्यरुपमा लागु गरिनेछ ।
- प्रत्येक वडाका स्वास्थ्य चौकिमा निःशुल्क प्रसुती सेवा र प्रसुति भत्ताको व्यबस्था गरिनेछ ।
- आमा र बच्चाको स्वास्थ्य स्थितीलाई मजबुत बनाउन पोषण भत्ताको व्यबस्था गरिनेछ ।
- गाउँपालिका स्तरीय अस्पतालमा निःशुल्क औषधी वितरणको लागि फार्मेशि शाखाको स्थापना गरिनेछ ।
- परिस्थिती जन्य महामारी नियन्त्रण र रोकथामका लागि मानब संवेदनशिलतालाई मध्यनजर गरी स्वास्थ्य कोषको व्यबस्था गरिनेछ ।
- महिलाहरुको आङ खस्ने ,पाटेघरको क्यानसर,अन्य क्यानसर,मृगौला खराव, मुटु प्रत्यारोपण,ब्रेन ट्युमर जस्ता जटिल रोगका विरामिहरुका लागि आर्थिक सहायता र थप सुविधाका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।
- गाउँपालिकाको १५ शैयाको अस्पतालबाट दिइने सेवाहरु विस्तार गर्नका लागि भवन निर्माण कार्यलाई तिब्रता दिई अल्ट्रासाउण्ड,भिडियो एक्सरे,ई.सि.जि.,ल्याव सेवा सञ्चालन गरिनेछ ।
- महिलाहरु अपाङग,अशक्त,असहाय,बृद्ध बृद्धा,दलित बालबालिका लगायतका सम्स्याहरुको निराकरण गर्न घुम्ती स्वास्थ्य सेवा शिविर सञ्चालन गरी विशेषज्ञ सेवा उपलब्ध गराईनेछ ।
- आधारभुत स्वास्थ्य सेवा अन्तरगत आर्युवेदिक तथा बैकल्पिक स्वास्थ्य सेवाहरुलाई प्रर्वद्धन गरिनेछ ।
- स्वास्थ्य तथा सरसफाईलाई मध्यनजर गरी प्रत्येक वडाका टोलटोलमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

- घरघरमा धारा आमालाई सहारा भन्ने मान्यताका साथ खानेपानी सेवा विस्तारमा जोड दिइनेछ ।
- खानेपानीको अभाव भएका ठाउँहरुमा लिप्ट, इनार, कुवा , मुहानबाट खानेपानीको व्यवस्था गरिनेछ ।
- खानेपानीको मुहान संरक्षण र गुणस्तर कायम राख्न सरसफाई कार्यक्रम विस्तारमा जोड दिइनेछ ।
- अव्यवस्थित बसोवासबाट हुने खानेपानी तथा सरसफाईको समस्या अन्त्य गर्ने कार्यमा जोड दिईने छ ।
- प्रत्येक वडाका वस्तीहरुमा स्वच्छ खानेपानीको पहुच विस्तार गरिनेछ ।
- खानेपानीको उपभोक्ताका लागि सवै घरपरिवामा फिल्टर प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गर्दै स्वच्छ र शुद्ध खानेपानी संरक्षणमा जोड दिईने छ ।
- प्रत्येक घर परिवारबाट निस्कने फोहरलाई व्यवस्थापन गर्ने कार्य स्वरुप कुहिने वस्तुलाई मल उत्पादनको क्षेत्रमा प्रयोग गर्ने र नकुहिने पलाष्टिक अन्य बस्तुलाई निस्तेज गर्न जनचेतन मुलक कार्यक्रम संचालन गरिनेछ ।

- ❖ करेसा सुधार र भान्सा सुधार कार्यक्रम लागु गरिनेछ ।
- ❖ यस गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गरिनेछ ।

## धार्मिक तथा सांस्कृतिक सम्पदा

- ❖ परम्परागत रुपमा चलि आएका धर्म तथा संस्कृतिको संरक्षण र सवर्धनमा जोड दिईने छ ।
- ❖ परम्परागत कला संस्कृतिको संरक्षण तथा सम्वर्धन गरी पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण गरिने निती लिईने छ ।
- ❖ धार्मिक ,संस्कृतिक तथा पौराणिक रुपमा चलि आएका बाद्यबादनका सामग्रीहरुको संरक्षण र सम्बर्दनमा जोड दिईनेछ र साँस्कृतिक संग्रालय सञ्चालनको लागि पहल गरिनेछ ।

## खेलकुद

- ❖ गाउँपालिका स्तरीय कभर्ड हलको व्यबस्था गर्ने निती लिईनेछ ।
- ❖ प्रत्येक वडामा खेलकुद मैदान र खेलकुद सामग्रीको व्यबस्था गरी उत्कृष्ट खेलाडि उत्पादनमा जोड दिईनेछ ।
- ❖ ७ वटै वडाका खेलाडिहरुलाई खेल क्षेत्रमा उत्साहीत गरी उत्कृष्ट खेलाडिलाई पुरुष्कारको व्यबस्था गरिनेछ ।
- ❖ प्रदेश र राष्ट्रिय स्तरका खेलमा खेलाडिहरुलाई सहभागि हुन प्रोत्साहित गरिनेछ ।
- ❖ विद्यालय तह देखिनै खेलकुद शिक्षालाई अनिवार्य तथा शिक्षाको अभिन्न अंग बनाईनेछ ।
- ❖ प्रदेश र राष्ट्रिय स्तरमा खेल खेल्न जाने खेलाडिहरुलाई भत्ताको व्यबस्था गर्नुका साथै पदक तथा विभुषणबाट सम्मान गरिनेछ ।
- ❖ गाउँपालिका स्तरमा सञ्चालित खेलहरु सहज रुपमा सञ्चालन गर्नको लागि उत्कृष्ट खेल प्रशिक्षकको व्यबस्था गर्ने निती लिईनेछ ।

## सामाजिक सुरक्षा तथा सामाजिक समावेशिकरण

- ❖ स्थानीय सत्ता घरघरमा भत्ता भन्ने मुलभुत मान्यतालाई आत्मसात गरि सामाजिक सुरक्षा भत्ता वितरणमा सहजपना ल्याइनेछ ।
- ❖ टुहुरा बालबालिकाका लागि आवश्यक स्वास्थ्य, शिक्षा , पोषण तथा आवासको व्यवस्थापन गरिनेछ ।
- ❖ गाउँपालिका भित्रका दलित,महिला,जनजाती,एकल महिला ,एकल पुरुष,अपाङग,जेष्ठ नागरीक,विधुवा ,बालबालिका,तेस्रो लिंगी,सहिद परिवार तथा अल्पसख्यक समुदायलाई गाउँपालिका बाट प्रदान गरिने सेवाहरुमा समावेसी एवम सकारात्मक विभेदका आधारमा सहभागिता कायम गरिनेछ ।
- ❖ यस गाउँपालिका भित्र घरदैलो कार्यक्रम गरी जेष्ठ नागरीक,अपाङग,विधुवा,एकल महिलाहरुको लागि परिचय पत्र वितरण गरिने छ ।

# पूर्वाधार विकास सम्बन्धी नितिहरु

## उर्जा तथा विद्युतिकरण

- ❖ घर घरमा विद्युतिकरण ,उज्यालोमा भर परम भन्ने मान्यतालाई आत्मसात गरी विद्युतको पहुच विस्तारमा जोड दिईनेछ ।

प्रत्येक वडाका टोलहरुमा विद्युत सेवा विस्तारमा जोड दिईनेछ ।

- ❖ गाउँपालिका स्तरीय विद्युत सेवा शाखा स्थापनामा जोड दिई अति विपन्न वर्गलाई मिटर बक्स निःशुल्क उपलब्ध गराईनेछ ।

- ❖ बैकल्पिक नविकरणिय उर्जाको उत्पादन र उपयोगमा क्षमता बढाई सबैको पहुच सनिश्चितताका लागी बैकल्पिक उर्जा सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन बैकल्पिक उर्जा प्रवर्दन केन्द्र मार्फत कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ घाटाचौर,थदरा,स्यानिपिप्ली,शान्तिबजार,मिलनचोक,रागेचौर,चिसापानि,नेटाबजार,मौलोहाल्ने,चोरपानी र गाउँपालिका कार्यालय नजिक सडक बत्तिको व्यबस्था गरिनेछ ।
- ❖ कुमाख गा.पा.भित्र आफ्नै लघु जलविद्युत स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गर्ने निती अवलम्बन गरिनेछ ।

## यातायात

- ❖ टोलटोलमा यातायात युवालाई रोजगार भन्ने मान्यतालाई आत्मसात गर्दै यातायात विस्तारमा जोड दिईनेछ ।
- ❖ सातवटै वडामा निर्माण भएका सडकको स्तरोन्नती गरिनेछ ।
- ❖ खोला नदिमा पक्की पुल र सल्याप निर्माणमा जोड दिईने छ ।
- ❖ थारमारे,स्यानिपिप्ली र सल्ली नेटा हुदै चौरजहारी सडक स्तरोन्नती गर्नुका साथै प्रदेश सरकारको कालोपत्रे गर्ने नितीमा थप आबश्यक सहयोग गर्ने निति लिईनेछ ।
- ❖ गाउँपालिका भित्र सवारी दुर्घटनामा परी घाईते हुनेलाई उपचारको लागि आर्थिक सहायता प्रदान गर्ने निती लिईनेछ ।
- ❖ पालिका स्तरमा यातायात सेवालाई सहज बनाउन पालिका बसको व्यबस्था गरिने निती अपनाईनेछ ।
- ❖ सल्ली नेटा चौरजहारी सडक र थारमारे चौरजहारी सडकको कुमाख गा.पा.भित्रको मुख्य बजार केन्द्रमा यात्रि प्रतिक्षालय र सार्वजनिक शौचालयको व्यबस्था गर्ने निती लिईनेछ ।

## सिचाई

- ❖ खेतबारीमा सिचाई उत्पादनमा सघाउ भन्ने नारालाई साकार पार्न पहल कदमी लिइने छ ।
- ❖ ७ वटै वडामा जलाधार संरक्षणका कार्यक्रम विस्तारमा जोड दिइने छ ।
- ❖ सतही र लिप्ट सिचाई निर्माण कार्यमा प्राथमिकता दिईनेछ ।
- ❖ सिचाई योजना निर्माण गरि कार्यान्वयन गर्दा जलबाट उत्पन्न हुने प्रकोप न्यूनिकरणमा जोड दिइने छ ।
- ❖ थोपा सिचाई कार्यक्रम प्रभावकारी रुपले विस्तार गरि सहज सेवा प्रवाहमा जोड दिइने छ ।
- ❖ भेरी नदी र संम्भावित खोलाहरुबाट लिप्ट प्रणालीद्धारा खेतियोग्य जनिनमा सिचाइको व्यवस्था गरि कृषि उत्पादनमा जोड दिइने छ ।
- ❖ पानी संरक्षणका लागि सुख्खायाममा मर्मखोला, लिउरेखोला, झारकाँडा खोला लगायतका अन्य खोलाहरुमा डिप बोरीङ निर्माण गरी वेमौसमी कृषि उत्पादनमा जोड दिइने छ ।

## भवन पुर्वाधार तथा बस्ती विकास

- ❖ २५ लाख भन्दा मुनिका भौतिक पुर्वाधार निर्माणका आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरिनेछ ।
- ❖ गाउँपालिका भित्र बनाउने भवनहरु नक्सापास गराइ भुकुम्प प्रतिरोधि प्रविधि अन्तरगत बनाउनेतर्फ अग्रसर गराइनेछ ।

- उपयुक्त बस्ती बसाल्ने ठाउहरुको पहिचान गरिनेछ ।
- खेतियोग्य जमिनमा बस्ती बसाउने कार्यलाई निरुत्साहन गरिनेछ साथै मुख्य सडकमार्गहरु अवरोध हुने गरी र सार्वजनिक स्थलमा बनाईएका निजी भवन तथा पुर्वाधारहरु भत्काईने निती लिईनेछ ।
- कुमाख गाउँपालिका भित्र खरका छाना विस्थापित गर्ने निती लिईनेछ ।

**सूचना तथा सञ्चार**

- गाउँपालिका स्तरमा सञ्चार सेवा प्रवाहका लागि एफ.एम. रेडियो स्थापन गर्नका लाग पहल गरिने छ ।
- सूचना तथा सञ्चार सेवामा सवै नागरिकको पँहुच पुऱ्याउन ईन्टरनेट सेवा विस्तरमा जोड दिइने छ ।
- हुलाक सेवाको स्तरबृद्धि गरिनेछ ।
- सूचना तथा सञ्चार सेवामा आवश्यक पर्ने भौतिक संरचना निर्माणमा जोड दिइने छ ।
- दुर सञ्चार टावरको सेवा विस्तार गरि प्रभावकारी सेवा प्रदान गरिनेछ

## वन वातावरण फोहोरमैला तथा विपद व्यवस्थापन निति

### प्राकृतिक तथा दैविक प्रकोप र विपद व्यबस्थापन

- प्राकृतिक तथा दैविक प्रकोपबाट पिडित व्यक्तिहरुको लागि राहत,उद्धार तथा उपचारको व्यबस्था गर्न पहल गरिनेछ ।
- प्राकृतिक तथा दैविक प्रकोपबाट पिडितलाई निःशुल्क उपचार सेवा प्रदान गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा विपद व्यबस्थापन राहत कोषको स्थापना गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा दैविक प्रकोप र विपदबाट बच्न आवश्यक तालिमको व्यबस्था गरिनेछ ।

### बन तथा वाताबरण

- नर्सरीको स्थापना गरी बन पैदावारको संरक्षण तथा विकास गरिनेछ ।
- बन पैदावार तथा बन्यजन्तु संरक्षणको लागि नियन्त्रण गर्ने कार्यलाई प्रमुख प्राथामिकतामा राखिने छ ।
- बृक्षारोपनको लागि नर्सरीको व्यबस्था गरी उन्नत जातका घाँस उत्पादनमा जोड दिईनेछ ।
- भेरी नदि,जिमाली खोला,मर्मखोला,लिउरेज्युला खोला,रारेखोला,ईखाखोला,गुरुदासे खोला,कैनकाँडा खोला,बुरेलीखोला,झाँरकाँडा कौछे खोला,खाप्लेखोला,चिसापानि र च्याउखोला लगायत सातवटै वडाभित्र पर्ने नदि तथा खोलाको संरक्षण गरी वन तथा वातावरणमा हुने क्षति न्युनिकरण गर्न तटबन्धनको व्यबस्था गरिनेछ ।
- सामुदायिक बनको संरक्षण र सम्बर्धनको लागि सा.व.उ.स.लाई व्यवस्थित गरिनेछ ।
- जैविक विविधताको संरक्षणको लागि पोखरी निर्माण गरिनेछ ।

- ❖ नाङगो रहेको वन पाखामा एक घरले कम्तीमा पाँच विरुवा रोपी हुर्काउने र सो विरुवाबाट प्राप्त हुने लाभ उसै परिवारले लिने निति अगाडी बढाईनेछ ।
- ❖ मौरी पालन गर्ने र बन पैदावार सम्बन्धी काम गर्ने किसानलाई प्रोत्साहन गर्ने निति लिईनेछ ।
- ❖ बैज्ञानिक बन व्यबस्थापनमा जोड दिइ अवैध रुपमा हुने चोरी निकासी,पैठारीलाई नियन्त्रण गरिनेछ
- ❖ जडिबुडी लगायतका बोटबिरुवाको उत्पादन गरी रोजगारी श्रृजना गर्ने कार्यलाई प्राथामिकता दिईनेछ ।
- ❖ जलवायु परिवर्तनबाट वातावरणमा पर्ने असरबारे आम नागरीकलाई सचेत गराईने छ।
- ❖ बन तथा बातावरण संरक्षणका लागि जनचेतनामुलक कार्यक्रम विस्तारमा जोड दिईने छ ।

## सुशासन, संथागत विकास तथा सेवा प्रवाह सम्बन्धी नितिहरु

### न्याय तथा सुशासन

- ❖ सेवा प्रवाहमा हुने भ्रष्टचारलाई दुरुत्साहन गरिनेछ ।
- ❖ स्थानिय सरकारबाट हुने जनताका काम कारवाहिहरुको पारदर्शिता,उत्तरदायित्व र जवाफदेहिता छिटो छरितो तरिकाले सुनिश्चित गरिने छ ।
- ❖ सञ्चालित विकास आयोजनाहरुको दिगोपन र प्रभावकारीताका लागि निरन्तर अनुगमन र नियमन गरिने छ ।
- ❖ गाउँपालिका भित्रका सार्वजनिक संस्थाको सम्पत्तिलाई व्यबस्थित गर्ने निती लिईनेछ ।
- ❖ कुमाख बासीको गाउँघरमा भएका झै झगडा ,वादविवाद,गुणासो,उजुरी मेलमिलाप समिती र न्यायिक समिति मार्फत समाधान गरिने छ ।
- ❖ गाउँपालिका अन्तरगत प्रवाह हुने सम्पुर्ण क्रियाकलापहरुको नियमित रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- ❖ जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता अभिबृदिमुलक तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ गाउँपालिका वा अन्तरगतका कार्यालयहरुबाट सेवा प्रवाहका सन्दर्भमा उत्कृष्टता हाँसिल गर्ने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई मुल्याङकनका निश्चित मापदण्ड बनाई उत्कृष्ट कर्मचारी तथा जनप्रतिनिधि छनोट गरी सम्मान गरिनेछ ।
- ❖ गाउँपालिकाको कार्यचापलाई मध्यनजर गरी सेवा प्रवाहमा सहजता ल्याउन कर्मचारीलाई अतिरिक्त समयको मापदण्ड बनाई लागु गरिनेछ ।
- ❖ करार र ज्यालादारी कर्मचारीहरुलाई गाउँपालिकाको आम्दानी / श्रोतको आधारमा व्यबस्थापन गर्ने निती लिईनेछ ।

प्रस्तुत निति तथा कार्यक्रमले कुमाख गाउँपाालिकाको विकासका सम्पूर्ण राजनितिक, सामाजिक, आर्थिक लगाएतका उपलब्धीहरुलाई संरक्षण गदै उन्नत बनाउने र यस गाउँपालिकाको समग्र विकासमा सकारात्मक र दुर्गामी प्रभाव पार्ने विश्वास लिएको छु ।

अन्त्यमा यो निति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मार्गदर्शन दिनुहुने गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू,विषयगत समितिका संयोजक ज्यूहरु, गाउँसभाका सदस्य ज्युहरु,

कार्यालयका कर्मचारी, शिक्षक, शिक्षिका , राजनितिक दलका प्रतिनिधि, पत्रकार मित्रहरु र सम्पूर्ण गाउँपालिका वासी आदरणिय दाजु भाई तथा दिदिवहिनीहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस गाउँपालिकाको आर्थिक, सामाजिक,भौतिक तथा शैक्षिक विकासमा निरन्तर सहयोग पुऱ्याउने संघीय सरकार , प्रदेश सरकार लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै यो निति तथा कार्यक्रमा कार्यान्वयनमा जन निर्वाचित जनप्रतिनिधीहरु, राजनैतिक दलहरु, विकास प्रेमी जनसमुदायहरु लगायत आम कुमाख वासी जनताहरुको पूर्ण सहयोग र सहभागिता हुन विश्ववास लिएको छु । **धन्यबाद**

**प्रस्तुतकर्ता**

**मान बहादुर बुढाथोकी**
**अध्यक्ष**
**कुमाख गाउँपालिका, सल्यान**